# बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## रामपुर, उदयपुर

२०७३

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं. १, नेपाल
२०७३

**प्रदेश नं. १, नेपाल**

आ.व. २०७९/२०८० को लागि आन्तरिक आय संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

दोस्रो पटक प्रकाशित मिति २०७९/०४/०५ गते

यस कार्यालयले आर्थिक बर्ष २०७९/२०८० को लागि नेपालको सम्बिधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका आन्तरिक आय संकलनका क्षेत्रहरुबाट कर तथा भाडा संकलनका लागि सिलबन्दी दरभाउपत्र बन्दोबस्त गर्नुपर्ने भएकाले देहायका शर्तहरुको अधिनमा रहि यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ।

देहायः

| क्र.सं. | दरभाउपत्र नम्बर | दरभाउपत्रकोको शिर्षक | बार्षिक न्यूनतम अङ्क (मू.अ.कर बाहेक) रु. |
|---|---|---|---|
| १ | १/०७९/०८० | पशुचौपाया विक्री वितरणको कर संकलन | ५,५०,००० |
| २ | २/०७९/०८० | रामपुर बजार साप्ताहिक हाटबाट कर संकलन | ४,४०,००० |
| ३ | ३/०७९/०८० | कवाडी कर संकलन | १,००,००० |
| ४ | ४/०७९/०८० | लालबजार सुपाडे साप्ताहिक हाटबजार कर संकलन | ९०,००० |
| ५ | ६/०७९/०८० | पुरन्दह र गलफडीया बजार साप्ताहिक हाट कर संकलन | २०,००० |
| ६ | ७/०७९/०८० | आम्बासी बजार साप्ताहिक हाट बजार कर संकलन | १०,००० |
| ७ | ८/०७९/०८० | विज्ञापन कर संकलन | ५०,००० |
| ८ | ११/०७९/०८० | खसी बोका संकलन केन्द्रबाट कर संकलन | ६०,००० |

**शर्तहरु:**

१. दरभाउपत्र फारम मिति २०७९।०४।१९ गते कार्यालय समयसम्म रु. १०००/- शूल्क (फिर्ता नहुने) बुझाएको नगदी रसिद वा बैंक भौचरका साथ इच्छुक ब्यक्ती, फर्म वा कम्पनीबाट वा निजको आधिकारीक प्रतिनिधिले नागरिकताको प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.क. दर्ता, आ.व. २०७७/२०७८ को करचुक्ता प्राणपत्र आदीको प्रतिलिपिहरु संलग्न राखी  कार्यालय समयभित्र यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. खरिद भएका दरभाउपत्र फारम पेश गर्दा दरभाउपत्रको प्रत्येक पानामा सही छाप सहित यस कार्यालयको नाममा संबोधन गरी दरभाउपत्र नम्बर, दरभाउपत्रको शिर्षक, दरभाउपत्र दाताको फर्मको नाम, आधिकारीक ब्यक्तीको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी मिति २०७९।०४।२० गते दिनको १२ बजे भित्र पेश/दर्ता गरिसक्नु पर्नेछ। नियमानुसार पेश/दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु २०७९।०४।२० गते दिनको ठिक १ बजे खोलिने छ। सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलीपल्ट सोही समयमा खोलिने छ।

प्रमुख प्रशासकीय अधिकृत

# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर
२०७३

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
प्रदेश नं. १, नेपाल
२०७३

प्रदेश नं. १, नेपाल

३. दरभाउपत्र फाराममा उल्लेखित कबोल अंकको ५% (प्रतिशत) जमानत रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड बेलका शाखामा रहेको धरौटी खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यत दिइनेछ।

५. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धित दरभाउपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रकृया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ। सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउपत्रदाताले आफूले कबोल गरेको एकमुष्ठ रकम बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत रकम छुट दिईनेछ। यदि एकमुष्ठ रकम नबुझाएमा कवोल गरेको कूल रकम (मु.अ. कर समेत जोडी) दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको अंकको ६० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ४० प्रतिशत रकम अन्तिम किस्ता (मिति २०७९ पौष मसान्तभित्र) बुझाउनु पर्नेछ।

७. सम्झौता गर्दा पहिलो किस्ता वापतको ६० प्रतिशत बुझाई बाँकी ४० प्रतिशत रकमको २०८० असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपूर्जी दिईनेछ।

८. कर संकलनको अवधि सम्झौता भएको मिति देखी लागु भई २०८० असार मसान्त सम्म रहनेछ। कर संकलनकर्ताले कर संकलन गर्दा बेलका नगरपालिकाको स्वीकृत आर्थिक ऐनमा उल्लेख भए बमोजिम संकलन गर्नुपर्नेछ।

९. कुनैपनि शर्त राखी पेश गरेको, आवश्यक काजजात संलग्न नगरी हुलाक मार्फत पठाएको, म्याद नाघी आएको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिनेछैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

११. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवं प्रचलित कानून बमोजिम हुनेछ।

१२. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र कार्यालयको ईमेल belakamun@gmail.com वा ९८४२८७१०११ मा सम्पर्क राख्न सकिनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत